गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

# एकीकृत सेवा कार्यालय

(साविक सामाजिक विकास कार्यालय)
चामे, मनाङ

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. २

प्रथम पटक प्रकाशित मिति : २०८२/०७/३०

यस कार्यालयको चालु आर्थिक वर्ष २०८२/०८३ को तपसिल बमोजिमका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वियन गर्न इच्छुक यस जिल्लाका सामुदायिक विद्यालय/वालविकास केन्द्रहरुबाट सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखराबाट स्वीकृत सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२ मा उल्लिखित आवश्यक कागजातहरु संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यक्रमहरु:

१. प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान
२. न्यून सिकाई उपलब्धी भएका (कक्षा ८-१० मा विज्ञान, गणित र अंग्रेजी विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन अनुदान
३. आधारभूत विद्यालय (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान

प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु :

(क) प्रारम्भिक वालविकास केन्द्रमा सिकाई सामग्री व्यवस्थापन अनुदान

१. मापदण्डको अनुसूची ३२ बमोजिमको ढाँचामा प्रस्तावपत्र,
२. कार्यक्रम कार्यान्वियन सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय
३. कार्यक्रममा दोहोरोपन नपरेको र मर्ज हुने प्रक्रियामा नरहेको सम्बन्धमा स्पष्ट खुलाएको स्थानीय तहको सिफारिस पत्र
४. स्थानीय तहबाट प्रमाणित प्रारम्भिक बालविकास कक्षाको विद्यार्थी विवरण (IEMIS Report)

(ख) न्यून सिकाई उपलब्धी भएका (कक्षा ८-१० मा विज्ञान, गणित र अंग्रेजी विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन अनुदान

१. मापदण्डको अनुसूची ३६ बमोजिमको ढाँचामा प्रस्तावपत्र
२. कार्यक्रम कार्यान्वियन सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय
३. कार्यक्रममा दोहोरो नपरेको र आवश्यकता सम्बन्धमा स्थानीय तहको सिफारिस
४. कक्षा ८,९ र १० को शैक्षिक सत्र २०८१ को विषयगत औषत सिकाइ उपलब्धी
५. कक्षा ८-१० का विद्यार्थीहरुको स्थानीय तहबाट प्रमाणित संख्यात्मक विवरण

(ग) आधारभूत विद्यालय (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान

१. मापदण्डको अनुसूची ३४ बमोजिमको ढाँचामा प्रस्तावपत्र
२. कार्यक्रम कार्यान्वियन सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय
३. कार्यक्रममा दोहोरोपन नपरेको र मर्ज हुने प्रक्रियामा नरहेको सम्बन्धमा स्पष्ट खुलाएको स्थानीय तहको सिफारिस पत्र

पुनश्च:

१. प्रारम्भिक बालविकास केन्द्रमा सिकाई सामग्री व्यवस्थापन अनुदानका लागि आ.व. २०७८/७९ देखि २०८१/०८२ सम्म मन्त्रालय, निर्देशनालय, स्थानीय तह वा अन्य संघ संस्थाबाट बालविकास केन्द्रको सिकाइ सामग्री/स्तरोन्नती कार्यका लागि अनुदान प्राप्त गरेका विद्यालयका प्रस्तावहरु मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।
२. न्यून सिकाइ उपलब्धी भएका (कक्षा ८-१० मा विज्ञान, गणित र अंग्रेजी विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन अनुदानका लागि स्थानीय तहले सबैभन्दा कमजोर शैक्षिक उपलब्धी भएका विद्यालयहरु मध्येबाट प्राथमिकताका आधारमा विद्यालयको नाम सिफारिस गरी पठाउनुपर्नेछ ।
३. आ.व. २०७८/०७९ देखि आ.व. २०८१/०८२ सम्म प्रदेश सरकार, स्थानीय तह र अन्य संघसंस्थाबाट कक्षा (१-८) विज्ञान प्रयोगशाला सुदृढीकरण/स्थापनाका लागि अनुदान प्राप्त विद्यालयहरुलाई सो कार्यक्रमको मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन । साथै उक्त कार्यक्रमको लागि प्रस्ताव पेश गर्दा मन्त्रालयबाट स्वीकृत "आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापना अनुदान कार्यक्रम कार्यान्वियनका लागि स्पेशिफिकेशन, २०७८" बमोजिमका सामग्री पहिचान गरी विद्यालयको आवश्यकता अनुसार प्रस्ताव गर्नुहुन समेत अनुरोध छ ।
४. विनियोजित बजेटको परिधिभित्र रहि मूल्याङ्कन तथा छनौट समितिको सिफारिसमा अनुदान उपलब्ध गराइनेछ ।
५. कार्यक्रम कार्यान्वियन, मूल्याङ्कन र भुक्तानी सम्बन्धी प्रक्रिया मन्त्रालयबाट निर्धारित मापदण्ड तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । कार्यक्रम प्रस्तावको ढाँचा, मूल्याङ्कनका आधारहरु र कार्यक्रम कार्यान्वियन मापदण्ड यस कार्यालयको website: sdomanang.gandaki.gov.np बाट प्राप्त गर्न सकिनेछ । रीत नपुर्‍याई पेश भएका र म्याद भित्र पेश नभएका प्रस्तावहरु मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

थप आवश्यक जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ९८५६०२६१२८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

नारायण प्रसाद बाँस्तोला
कार्यालय प्रमुख